# सैनामैना नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड ६) सैनामैना, फाल्गुन १४ गते, २०७९ साल (संख्या १०)**

**भाग २**


# सुत्केरी अवस्थामा पोषण प्रोत्साहन रकम वितरण कार्यविधि २०७९

## प्रस्तावना

विशेष गरी गर्भवती र स्तनपान गराउने महिलाहरुलाई पोषणको बढी महत्व हुन्छ । यस्तो अवस्थामा उचित पोषणको अभाव भयो भने आमाको स्वास्थ्य तथा जन्मने नवशिशुहरुमा यसको असर दीर्घकालसम्म रहिरहन्छ गर्भवती तथा स्तनपान गराउने आमाहरुलाई विभिन्न प्रकारका थप पोषिलो खाना र थप सुक्ष्म पोषक तत्वको अत्यन्तै आवश्यकता पर्दछ । सुत्केरी आमालाई पोषिलो खानेकुरा खान प्रोत्साहन गरी सुत्केरी आमा तथा बालबालिकामा दीर्घकालमा हुनसक्ने कुपोषण दरलाई कम गर्नको लागी सैनामैना नगरपालिकाको मिति २०७९“ को कार्यपालीका वैठकले ..../०९/ सुत्केरी अवस्थामा पोषण प्रोत्साहन रकम वितरण कार्यविधि २०७९” पारित गरेको छ ।

## परिच्छेद १

### प्रारम्भिक

१। संछीप्तनामः यस कार्यविधिको नाम "सुत्केरी अवस्थामा पोषण प्रोत्साहान रकम वितरण कार्यविधि २०७९" हुनेछ ।

२। प्रारम्भः यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

३। परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "सुत्केरी अवस्थामा पोषण प्रोत्साहान रकम वितरण कार्यविधि २०७९" भन्नाले सैनामैना नगरपालिकाबाट सुत्केरी आमा तथा बालबालिकाको पोषण अवस्थामा सुधार गर्नको लागी पारित गरिएको कार्यविधिलाई सम्झनु पर्दछ ।

ख. "लक्षित वर्ग" भन्नाले सैनामैना नगरपालिका भित्र स्थाई बसोबास भएको गर्भवती भए देखी सुत्केरी भएको ३५ दिन भित्रको आमा र बच्चालाई सम्झनु पर्छ ।

ग. "नगरपालिका" भन्नाले सैनामैना नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ।

घ. "बर्थिंग सेन्टर" भन्नाले २४ घण्टे प्रसुती सेवा भएको स्वास्थ्य सस्थालाई सम्झनुपर्दछ ।

ङ. "स्वास्थ्य सस्था" भन्नाले सैनामैना नगरपालिका अन्तर्गत रहेका अस्पताल, स्वास्थ्य चौकी,

आधारभूत स्वास्थ्य सेवा केन्द्र, सहरी स्वास्थ्य सेवा केन्द्रलाई सम्झनुपर्दछ।

च. “सुत्केरी अवस्थामा पोषण प्रोत्साहान रकम कार्यक्रम” भन्नाले सैनामैना नगरपालिका भित्र स्थाई बसोबास भइ गर्भवती भएका महिलाहरुलाई गर्भ जाच, स्वास्थ्य सस्थामा हुने प्रसुती र पोषण अवस्थामा सुधार ल्याउनको लागी प्रोत्सहान गर्न नगरपालिकाको कार्यक्रम हो ।

छ. “प्रोटोकल अनुसार गर्भ जाच” प्रोटोकल अनुसार गर्भ जाच भन्नाले गर्भ रहेको चौथो महिना, छैठौ महिना, आठौ महिना र नवौ महिनामा स्वास्थ्य सस्थामा जाच गराएको सम्झनुपर्दछ ।

**परिच्छेद २**

**कार्यान्वयन कार्यविधि**

४। “सुत्केरी अवस्थामा पोषण प्रोत्साहान रकम वितरण कार्यविधि २०७९” आ.व. २०७९/८० को सुरुवात देखी लागु हुनेछ ।

५। संघिय सरकारबाट पाउने अन्य सुविधा यथावतनै रहने छ र सैनामैना नगरपालिकाको श्रोतबाट गर्भावस्थामा प्रोटोकल अनुसार चार पटक जाच गराई सैनामैना नगरपालिका अन्तर्गतको बर्थिंग सेन्टरमा प्रसुती भएको अवस्थामा पोषण प्रोत्साहान

भत्ता रकम रु १०००/- ( अक्षरुपी एक हजार रुपैया मात्र) प्रदान गरिनेछ ।

६। सुत्केरी अवस्थामा पोषण प्रोत्साहान रकम सुत्केरी भएको बर्थिंग सेन्टरबाट प्रदान गरिनेछ ।

७। सैनामैना नगरपालिका अन्तर्गतका स्वास्थ्य सस्थामा रहेको बर्थिंग सेन्टरमा सुत्केरी हुन नसक्ने भनि प्रेषण गरेको खण्डमा प्रेषण गरेको बर्थिंग सेन्टरले रकम भुक्तानी गर्नेछ।

८। प्रसुती हुदा जटिलता हुनसक्ने अवस्था अनुमान गरी नगरपालिका भित्र रहेका बर्थिंग सेन्टरमा प्रसुती हुन नसक्ने अवस्था देखेमा नगरपालिका अन्तर्गतका जुनसुकै स्वास्थ्य सस्थाले पनि प्रेषण गर्न सक्नेछन र बर्थिंग सेन्टर भन्दा अन्य सस्थाबाट प्रेषण गरेको सुत्केरी आमालाई नजिकको बर्थिंग सेन्टरले सुत्केरी अवस्थामा पोषण प्रोत्साहान रकम उपलव्ध गराउन सक्नेछ ।

९। नवशिशु मृत जन्मिएको हकमा पनि सुत्केरी अवस्थामा पोषण प्रोत्साहान रकम प्रदान गरिनेछ

१०। सैनामैना नगरपालिकाले बर्थिंग सेन्टर भएको स्वास्थ्य सस्थालाई सुत्केरी अवस्थामा पोषण प्रोत्साहान रकम प्रदान गर्नको लागि चौमासिक रुपमा पेश्की रकम प्रदान गर्नुपर्नेछ र पेश्की रकम सकिएपछी पेश्की फछ्यौंट गरी पुन पेश्की लिनुपर्ने छ ।

११। सुत्केरी महिलाले रकम भुक्तानी माग्दा निम्नअनुसारका कागजात पेश गर्नुपर्नेछ ।

क. अनुसूची १ बमोजिमको निवेदन ।

ख. नागरिकताको प्रतिलिपी।

ग. नागरिकतामा सैनामैना नगरपालिका भन्दा बाहिरको स्थाई ठेगाना भएमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि वा बसाइसराइ प्रमाणपत्रको फोटोकपी पेश गर्नुपर्नेछ ।

घ. सैनामैना नगरपालिका बाहिर स्थाई ठेगाना भइ ६ महिना भन्दा धेरै समयदेखी सैनामैना नगरपालिकामा अस्थाई बसोबास गर्दै आइरहेकोमा अस्थाई बसोबास गरिरहेको वडा कार्यालयको सिफारिस ।

ङ. गर्भ जाच गरेको कार्डको फोटोकपी ।

च. स्वास्थ्य सस्थाले जारी गरेको जन्म प्रमाणको प्रतिलिपी।

छ. सैनामैना नगरपालिका अन्तर्गतको बर्थिंग सेन्टरमा सुत्केरी हुन नसक्ने अवस्था भएर अन्यत्र प्रेषण गरेको खण्डमा प्रेषण पुर्जा वा सस्थाले प्रेषण गरेको प्रमाणित हुने कागजात ।

ज. सुत्केरी महिलाले सुत्केरी भएको ३५ दिन भित्रमा आवश्यक कागजात सहित निवेदन पेश गर्नुपर्नेछ तर यो कार्यविधि जारी भएको मितिले ३५ दिन भित्रमा एक पटकको लागी आ.व. २०७९/८० को श्रावण १ गते पछी सुत्केरी

हुने सबै सुत्केरी महिलालाई रकम भुक्तानी गर्न बाधा हुनेछैन ।

१२। बर्थिंग सेन्टरले सुत्केरी महिलालाई रकम भुक्तानी गर्दा अनुसूची २ बमोजिमको भरपाई गराउनुपर्नेछ ।

१३। बर्थिंग सेन्टरले मासिक रुपमा अनुसूची ३ बमोजिमको प्रतिवेदन नगरपालिकामा रहेको स्वास्थ्य शाखामा गर्नुपर्नेछ ।

# अनुसूची १
## सुत्केरी अवस्थामा पोषण प्रोत्साहान रकम प्राप्त गर्नको लागी पेश गर्ने निवेदनको ढाचा ।

मितिः-

विषयः सुत्केरी अवस्थामा पोषण प्रोत्साहान रकम उपलव्ध गराइदिनुहुन ।

श्रीमान स्वास्थ्य चौकी प्रमुख ज्यू,
.................... स्वास्थ्य चौकी
सैनामैना, रुपन्देही ।

प्रस्तुत विषयमा सैनामैना नगरपालिका वडा न. ....... स्थाई ठेगाना भएको वर्ष ........ को म श्री ........................... ले ...................... स्वास्थ्य चौकीमा/आधारभूत स्वास्थ्य सेवा केन्द्र/सहरी स्वास्थ्य सेवा केन्द्रमा प्रोटोकल अनुसारको चौथो पटकको गर्भ जाच गराई ....................स्वास्थ्य चौकीमा मिति .................... मा प्रसुती सेवा लिएको हुदा सैनामैना नगरपालिकाले जारि गरेको “सुत्केरी अवस्थामा पोषण प्रोत्साहान रकम २०७९” अनुसारको रकम रु .......... उपलव्ध गराइदिनुहुन आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु ।

निवेदक

दस्तखतः-

नाम थरः-

ठेगानाः-

मोवाइल न.ः-

निवेदन साथ् संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

क. नागरिकताको प्रतिलिपी ।

ख. नागरिकतामा सैनामैना नगरपालिका भन्दा बाहिरको स्थाई ठेगाना भएमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि वा बसाइसराइ प्रमाणपत्रको फोटोकपी पेश गर्नुपर्नेछ ।

ग. सैनामैना नगरपालिका बाहिर स्थाई ठेगाना भइ ६ महिना भन्दा धेरै समयदेखी सैनामैना नगरपालिकामा अस्थाई बसोबास गर्दै आइरहेकोमा अस्थाई बसोबास गरिरहेको वडा कार्यालयको सिफारिस ।

घ. गर्भ जाच गरेको कार्डको फोटोकपी ।

ङ. स्वास्थ्य सस्थाले जारी गरेको जन्म प्रमाणको प्रतिलिपी ।

च. सैनामैना नगरपालिका अन्तर्गतको बर्थिंग सेन्टरमा सुत्केरी हुन नसक्ने अवस्था भएर अन्यत्र प्रेषण गरेको खण्डमा प्रेषण पुर्जा वा सस्थाले प्रेषण गरेको प्रमाणित हुने कागजात ।

## अनुसूची २
## सुत्केरी अवस्थामा पोषण प्रोत्साहान रकम वापतको रकम बुझेको भरपाई

सैनामैना नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

........................ स्वास्थ्य चौकी

सैनामैना, रुपन्देही

हामी तपसिल अनुसारका सुत्केरी महिलाले सुत्केरी अवस्थामा पोषण प्रोत्साहान रकम वापतको रकम बुझिलीइ यो भरपाई गरिदिएका छौ ।

| क्र.स. | सुत्केरी महिलाको नाम थर | ठेगाना | सम्पर्क न. | प्रोटोकल अनुसार चार पटक गर्भ जाच गरेको/न गरेको | सुत्केरी भएको सस्थाको नाम | सुत्केरी गराउने र रकम बुझाउने स्वास्थ्यकर्मीको नाम | जम्मा बुझेको रकम रु | रकम बुझेको दस्तखन |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसूची ३

## सुत्केरी अवस्थामा पोषण प्रोत्साहान रकम  प्रदान गरेको प्रतिवेदन

सैनामैना नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

........................ स्वास्थ्य चौकी

सैनामैना, रुपन्देही

श्री सैनामैना नगरपालिका
स्वास्थ्य शाखा
वुद्धनगर, रुपन्देही ।

यस साल .............. स्वास्थ्य चौकीमा .................. महिनामा सुत्केरी अवस्थामा पोषण प्रोत्साहान .............. रकमबुझेको प्रतिवेदन पेश गरेको छु।

| क.स. | विवरण | संख्या | वितरण जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | प्रोटोकल अनुसार ४ पटक गर्भ जाच गरी आफ्नो सस्थामा सुत्केरी भएका | | | |

| | | | | |
|---|---|---|---|---|
| | महिला | | | |
| २ | प्रोटोकल अनुसार ४ पटक गर्भ जाच नगरी आफ्नो सस्थामा सुत्केरी भएका महिला | | | |
| ३ | प्रोटोकल अनुसार ४ पटक गर्भ जाच गरी प्रेषण गरेर अन्यत्र सस्थामा सुत्केरी भएका महिला | | | |
| ४ | प्रोटोकल अनुसार ४ पटक गर्भ जाच नगरी | | | |

| | | | | |
|---|---|---|---|---|
| | प्रेषण गरेर अन्यत्र सस्थामा सुत्केरी भएका महिला | | | |

प्रतिवेदन तयार गर्ने-:                    -:प्रतिवेदन पेश गर्ने

प्रमाणिकरण मितिः २०७९/११/१४

**आज्ञाले**

जनक थापा

प्रमुख प्रशासकीय अधिकृत